Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

| | |
|---|---|
| नेपाल भूकम्प २०७२ अपडेट : ४४ औं दिन<br>मिति : ०७२ जेठ २४<br>अन्तिम अपडेट : २२:०० बजे | मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)<br>मृतक : ८,७०२<br>घाइते : २२,२२० |

**राष्ट्रिय विपत्तिको बेलामा मिलेर काम गर्नुको विकल्प नभएको राष्ट्रपति डा. रामवरण यादवको भनाइ**

भूकम्प पीडितको अवस्था बुझ्न नुवाकोट आएका राष्ट्रपति डा.रामवरण यादवले विदुरमा जिल्लाका कार्यालय प्रमुख तथा दलका प्रमुखसँग कुरा गर्दै राष्ट्रिय विपत्तिको बेलामा सबैले मिलेर काम गर्नुको विकल्प नभएको बताए । राष्ट्रपति यादवले महाविपत्तिको समाधान गर्न राष्ट्रका हरेक तह र तप्काले मिलेर काम गर्नु पर्ने बताए । ‘ सबै पक्ष मिल्नु पर्छ । सरकार, संसद्, सेना प्रहरी, कर्मचारी महाभूकम्पले ल्याएको विपत्ति समाधानमा क्रियाशील छन्’ डा.यादवले भने ‘विपत्ति समाधानमा सबैले मिलेर काम गरौं ।’

**उल्लेख्य**

- भूकम्पको कारण प्रभावित रामेछाप जिल्लाका महिलालाई लक्षित गरी जिल्लाका पाँच वटा स्थानमा महिलामैत्री स्थल स्थापना गरिएको छ । ओरेक नेपालको सहयोगमा जिल्ला स्थित संरक्षण क्लस्टरले ती स्थानहरूमा महिलामैत्री स्थल सञ्चालनमा ल्याएको हो । महिला तथा बालबालिका कार्यालय रामेछापकी प्रमुख सुशीला वाग्लेका अनुसार जिल्लाको मन्थली, दोरम्बा, चुचुरे, रामेछाप र फुलासी गाविसमा ती स्थानहरू सञ्चालनमा ल्याइएको छ । ती स्थलमा भुकम्पको कारण प्रभावित भएका विशेष अवस्थाका महिलालाई अस्थायी आश्रय दिइने वाग्लेले बताइन् ।

- वैशाख १२ गतेको विनाशकारी भूकम्पका कारण प्रभावित भएकाहरूको उद्धार, राहत वितरण तथा खोजीमा नेपाल प्रहरीले प्रभावित जिल्लामा ४१ हजार ७ सय ७६ सुरक्षाकर्मी खटाएको जनाएको छ । ठूलो मात्रा जनशक्ति प्रयोग गरी नेपाल प्रहरीले भूकम्पपछि गरेको उद्धार, राहत तथा पुनःस्थापनामा आफूले प्रभावकारी भूमिका खेलेको खेलेको दाबीसमेत गरेको छ । प्रहरी मुख्यालय नक्सालमा जेठ २४ गते आयोजित पत्रकार सम्मेलनमा प्रहरीले आफ्नो सङ्गठनबाट गरेको कार्यको समीक्षा, उद्धार तथा राहत, शान्ति सुरक्षा, अपराध नियन्त्रण तथा अनुसन्धानका बारेमा जानकारी गराएको थियो ।

- सिन्धुपाल्चोकमा भूकम्पमा परेर बेपत्ता भएका ४६ जनाको अवस्था अझै अज्ञात छ । भूकम्पपछि सम्पर्क बिहीन भएकामध्ये २८ जना पुरुष र १८ जना महिला रहेका छन् । बेपत्ता भएकाहरु मध्ये २९ जना सिन्धुपाल्चोकका नागरिक हुन् भने अरु बाँकी १७ जना जिल्ला बाहिरका नागरिक हुन् । विशेष गरी तातोपानी, लिपिङ घुम्न आएका व्यक्ति बेपत्ता भएको प्रहरीले जनाएको छ ।

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

- सन्धिुपाल्चोकमा भूकम्प पीडितलाई अस्थायी बसोवास गर्नका लागि सरकारले जस्तापाता किन्न दिने भनिएको १५ हजार रुपियाँ वितरण कार्य रोकिएको छ। ठूलोसिरुवारी, यमुनाडाँडाँ, कालिकालगायत गाविसमा विवाद भएको थियो । सरकारले दिने भनिएको रकम एक ठाउँमा घर हुनेलाई मात्रै दिइने सरकारी निर्देशिकामा उल्लेख छ। तर, काठमाडौँलगायत अन्यत्र घर भइ बसेकाले पनि रकम माग गरेपछि विवाद भएको गाविस सचिव हकहित केन्द्रका अध्यक्ष दुर्गाप्रसाद ढुङ्गेलले बताए ।

- नवलपरासीका भूकम्प पीडितको विवरण सङ्कलन गरी जेठ २२ गतेदेखि राहत वितरण सुरु गरिएको छ। पछिल्लो तथ्याङ्कअनुसार अहिलेसम्म तीन जनाको मृत्यु भएको जानकारी आए पनि एक जनाले मात्र राहत र क्रिया खर्च बुझेका छन्। त्यसैगरी जिल्ला घर पूर्ण क्षति ८ सय ६४, आशिंक क्षति ३ हजार २ सय ६८ र ४१ जना घाइते भएकोमा सबै घाइतेहरू उपचारपछि घर फर्किसकेका छन् ।

- भोजपुरमा भूकम्प र त्यसपछिको पराकम्पले ध्वस्त बनेर पठनपाठन गर्न समस्या भएको विद्यालयहरूमा अस्थायी कक्षा कोठा निर्माण गर्न थालिएको छ । भूकम्पले ध्वस्त पारेपछि पठनपाठन गर्नका लागि समस्या हुँदै आएको जिल्लाको ३४ वटा सामुदायिक विद्यालयमा अस्थायी कक्षा कोठा निमार्ण गर्न थालिएको हो । तत्कालको लागि पठनपाठन गर्न समस्या भएपछि पठनपाठनमा सहजता ल्याउनको लागि जिल्ला शिक्षा कार्यालयले १ सय ५६ वटा कक्षा कोठा निर्माण गर्न थालेको छ। एक वटा कक्षा कोठा निमार्णका लागि २५ हजार रकम दिइएको जिल्ला शिक्षा कार्यालय, भोजपुरले जनाएको छ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline